आज मिति २०८१।४।०९ गते प्रमुख जिल्ला अधिकारी श्री युवराज कोइरालाज्यूको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरूको उपस्थितिमा निम्नानुसार निर्णय गरियो।

उपस्थिति:-

प्र.जि.अ. श्री युवराज कोइराला - जिल्ला प्रशा. का. कै
नगर प्रमुख " नृप बड - धनगढी उप-महा-न.पा
नगर प्रमुख श्री हरि सिंह साउद - गोदावरी न.पा.
स.प्र.जि.अ. " हिरालाल चौधरी - जि. प्रशा. का. कै
प्र.उ. " अनुपम शर्मा / अधिकृत जि. प्रहरी का. कै
स.प्र.उ " कमल प्र. तिमिल्सिना - स.प्र.ब. ... गण
प्र.से " विकास के.सी. - नेपाली सेना.
का.अ. " मानध्वज खत्री LWF-Nepal
सदस्य- सीताराम जोशी- नेपाल रेडक्रस सोसाइटी, कैलाली
जिल्ला संयोजक अनुपमा शर्मा - मसीकोर नेपाल
जिल्ला सदस्य नेपाली कांग्रेस कैलाली केशव राज मिश्र
स. सेनानी अमृत सिंह नेपाली सेना।

कार्यक्रम विशेषज्ञ, श्री लक्ष्मण तिवारी, वर्ल्ड भिजन इन्टरनेशनल
कार्यक्रम संयोजक श्री कालीप्रसाद जोशी ने.रे.सो. - कैलाली
नगर प्रमुख " ममता प्रसाद चौधरी - घोडाघोडी न.पा.
प्रबन्ध निर्देशक " चक्र बम - इकोएग्रो डि.आर.एस
प्र.अ. " छविराज जोशी - जि. प्रशा. का कै
गोविन्द. अ.पं. गोविन्द भट्ट (महाकाली केबिन ... अतरिया)
गा.पा. अध्यक्ष श्री धन बहादुर रोकामगर - चुरे गा.पा.

२०।४८।३।( चक्र नेकपा

[illegible] बम धामी आर्म्स कलेज कैलाली
चेतन लम्सालका जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र-
प्र.अनु.नि. विकास पाण्डे - स.प्र. जि. का. कै.
लालबहादुर चौधरी कैलारी गा.पा. अध्यक्ष
ना.सु. श्री रामबहादुर सिंह - जिल्ला प्रशा. का कै

१. विपद्का कारणले उत्पन्न हुने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न आवश्यक श्रोतसाधनको पूर्व प्रबन्ध, जिल्लामा उपलब्ध निकायगत श्रोत साधनहरु, जनशक्तिको आँकलन समेत गरी आगामी समयमा पर्न सक्ने विपद्लाई मध्यनजर गर्दै खोज, उद्धार तथा राहतको कार्यलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउन विगतको सिकाई, विभिन्न समयमा सामना गरिएका प्रकोप र सिकाइको आधारमा जिल्ला स्थित गठन भएका ९ वटा विषयगत क्षेत्र र सहयोगी संस्थाहरुले तयार पारेको रणनितिक योजनालाई समावेश गरि तयार गरिएको "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८" को नवौं अध्यावधिक २०७७ लाई यस बैठकबाट अनुमोदन गरियो।

२. सबै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्र भित्र स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरि कार्यान्वयन गर्न र एक प्रति जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराई विपद्को सम्भावनाको आंकलन गरी खोज तथा उद्धार र राहतको लागी आवश्यक सामग्री खरिद गरी स्थानीय सुरक्षा निकायसँग समन्वय गरि जुनसुकै बेला प्रयोग गर्न सक्ने गरि भण्डारणको व्यवस्था गर्न, वडा स्तरिय विपद् व्यवस्थापन समिति गठन गर्ने, खोज तथा उद्धारमा परिचालन गर्न सकिने गरि वडा स्तरमै जनशक्ति तयार गर्न र विपद्सँग सम्बन्धित सूचना यथाशिघ्र जिल्ला आपताकालिन कार्य सञ्चालन केन्द्र (DEOC) मा उपलब्ध गराउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्नुका साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिलाई क्रियशिल बनाई विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने।

३. जिल्ला विपद् व्यवस्थापन समितिको आगामी बैठकबाट अनुमोदन गर्ने गरी जिल्ला भित्रका विपद्का घटनाका पीडितहरुलाई जिल्ला प्रशासन कार्यालय कैलालीले स्वीकृत मापदण्ड बमाजिम राहत उपलब्ध गराउने।

४. मिति २०७६।११।०६ देखि २०७७।०३।०८गते सम्म विभिन्न मिति र स्थानमा घटेका विपद्का घटनामा जिल्ला प्रशासन कार्यालय कैलालीबाट वितरण गरिएको आगलागी/हावाहुरी राहत वापत रकम रु. २८०००।- (अठ्ठाइस हजार मात्र) समर्थन गर्ने साथै आगामी दिनमा पनि जिल्ला प्रशासन कार्यालय कैलालीबाट पछि समितिको बैठकबाट समर्थन गर्ने गरि विपद् पीडितलाई स्वीकृत मापदण्ड भित्र रहि राहत उपलब्ध गराउन कार्यादेश दिने।

५. विगतमा वर्षातको समयमा डुवान तथा नदी कटानका कारण ठुलो विपद्को सामना गर्नु परेकोले यस वर्ष पनि मनसून शुरु भैसकेको सन्दर्भमा आवश्यक पूर्व तयारीका साथ खोज तथा उद्धार कार्यमा जुनसुकै बेला परिचालन गर्न सकिने गरि तत्काल उद्धार, राहत र पुर्नस्थापना कार्यमा खटिने सुरक्षाकर्मी सहितका आवश्यक जनशक्ति, श्रोतसाधनहरु तत्काल परिचालन हुन सक्ने गरी तयारी अवस्थामा राख्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई अनुरोध गर्ने।

६. विगतका वर्षहरु झै यस वर्ष पनि बाढी पूर्वतयारीका लागि सबै स्थानीय तहहरु, राजनैतिक दल, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघसंस्था, पत्रकार, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाइटी, जिल्ला अगुवा सहयोगी संस्था, संयुक्त राष्ट्रसंघीय निकाय लगायत सरोकारवाल सबैले आ-आफ्नो तयारीका साथ विपद् व्यवस्थापन समितिको समन्वयमा बाढी पूर्वतयारीका गतिविधिहरुमा सक्रिय रुपमा लाग्न अनुरोध गर्ने।

७. मनसूनजन्य विपद् र COVID-19 र यस प्रकारका संक्रमणको रोकथाम, नियन्त्रण, उपचार र प्रतिकार्य एकीकृत रुपमा गर्ने विषयमा मनसून पूर्वतयारीका सूचनाहरु समुदायसम्म पुर्‍याउन सबै सञ्चार माध्यमहरुलाई सूचना प्रकाशन र प्रशारण गरिदिन अनुरोध गर्ने।

८. विपद्को समयमा गरिने सर्वेक्षणका लागी विपद् लेखाजोखा मार्गदर्शन, २०७२ मा उल्लेख भए अनुसार प्रारम्भिक द्रुत लेखाजोखा (IRA NEPAL DEOC) फाराम स्थानीय तहले सबै वडाहरुमा छपाई गरि तयारी अवस्थामा राख्ने साथै यसको मोबाइल एप्लीकेशन (IRA NEPAL) मार्फत गरिने सर्वेक्षण सम्बन्धमा सबै स्थानीय तहले जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) र रेडक्रसको समन्वयमा अभिमुखिकरण कार्यक्रम संचालन गर्ने।

९. विपद् प्रभावितलाई उद्धार गरी राख्नको लागी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना (DPRP) मा पहिचान भएका/गरिएका सुरक्षित खुलाक्षेत्र (Open Space)हरु क्वारेन्टिनको रुपमा प्रयोग गरिएकोले वर्षातको समयमा विपद् प्रभावित (बाढी, डुवान, पहिरो लगायत) लाई राख्न प्रयोग हुने सुरक्षित स्थलको पहिचान गर्नुपर्ने देखिएमा पुनःपहिचान गरी आवश्यक व्यवस्था मिलाउनका साथै विपद् प्रभावितलाई राख्न प्रयोग गरिने सुरक्षित स्थलहरुमा COVID-19 को संक्रमण सन्दर्भमा तयार गरिएको स्वास्थ्य सुरक्षा मापदण्ड लागू गर्ने विषयमा समेत पूर्व तयारी गर्न सबै स्थानीय विपद् व्यवस्थापन समितिहरुलाई अनुरोध गर्ने।

१०. विपद्का कारण उत्पन्न हुने सम्भावित जोखिमलाई न्यूनीकरण गर्नका लागी आवश्यक श्रोतसाधन लगायतका खोज तथा उद्धारका सामग्रीहरुको व्यवस्थानका लागी विपद्को क्षेत्रमा नेपालमा कार्यरत रहेका UN Agency लगायत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई आवश्यक सहयोगका लागी अनुरोध गर्ने।

११. यस वर्षको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०६८ को (नवौं) अध्यावधिक गर्ने कार्यमा आर्थिक तथा प्राविधिक सहयोग पुर्‍याएकोमा जिल्ला अगुवा सहयोगी संस्थाः नेपाल रेडक्रस सोसाइटी कैलाली र मर्सिकोर नेपाल, सहायक प्रमुख जिल्ला अधिकारीज्यूको नेतृत्वमा बनेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको ९औं अध्यावधिक कार्यदलका सदस्यहरु साथै अन्य सहयोगी संघसंस्थाहरुलाई धन्यवाद दिने।